# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३९) काठमाडौं, फागुन १५ गते २०४६ साल ( संख्या ४५

## भाग ३

श्री ५ को सरकार

### वन तथा भू-संरक्षण मन्त्रालयको सूचना

#### सदर चिडियाखाना विकास समिति (गठन) आदेश, २०४६

विकास समिति ऐन, २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायको आदेश जारी गरेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः

१.१ यस आदेशका नाम "सदर चिडियाखाना विकास समिति (गठन) आदेश, २०४६" रहेको छ ।

१.२ यो आदेश तुरुन्त प्रारम्भ हुनेछ ।

२. समितिको गठनः

२.१ सदर चिडियाखाना विकास समिति (यसपछि "समिति" भनिएको) नामको एक समिति गठन गरिएको छ ।

२.२ उप-दफा २.१ बमोजिमको समितिमा देहायको अध्यक्ष तथा सदस्यहरू रहनेछन्ः–

२.२.१ महानिर्देशक, राष्ट्रिय निकुन्ज तथा वन्यजन्तु संरक्षण विभाग – अध्यक्ष

२.२.२ प्रतिनिधि, अर्थ मन्त्रालय – सदस्य

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२.२.३ प्रतिनिधि, वन तथा भू-संरक्षण मन्त्रालय — सदस्य

२.२.४ प्रतिनिधि, श्री ५ महेन्द्र प्रकृति संरक्षण कोष — सदस्य

२.२.५ वन्यजन्तु संरक्षणमा विशेष योगदान पुऱ्याउने प्रतिष्ठित नेपाली नागरिकहरूमध्येबाट वन्यजन्तु संरक्षण समितिको सिफारिशमा श्री ५ को सरकारद्वारा मनोनीत तीनजना व्यक्ति — सदस्य

२.२.६ नगर पञ्चायतको सम्बन्धित वडा अध्यक्ष — सदस्य

२.२.७ कार्यकारी निर्देशक, सदर चिडियाखाना — सदस्य-सचि

२.३ उप-दफा २.२.५ बमोजिम मनोनीत सदस्यहरूको पदावधि दुई वर्षको हुनेछ ।

२.४ श्री ५ को सरकारले आवश्यक देखेमा नेपाल राजपत्रमा सूचना प्रकाशन गरी समितिका सदस्यहरुमा थपघट वा हेरफेर गर्न सक्नेछ ।

२.५ समितिले आवश्यक देखेमा अन्य कुनै स्वदेशी वा विदेशी विशेषज्ञ वा सल्लाह-कारलाई बैठकमा पर्यवेक्षकको रूपमा भाग लिन आमन्त्रण गर्न सक्नेछ ।

३. समितिको काम, कर्तव्य र अधिकारः

३.१ विभिन्न पशु-पंछी तथा वन्यजन्तुहरूलाई सार्वजनिक रूपमा प्रदर्शन गर्नको लागि सदर चिडियाखानाको विकास गर्नु समितिको कर्तव्य हुनेछ ।

३.२ उप-दफा ३.१ मा उल्लेखित कर्तव्य पालनको लागि समितिले देहायको कार्यहरू गर्न सक्नेछः–

३.२.१ सदर चिडियाखानालाई राष्ट्रिय स्तरको चिडियाघरको रूपमा विकसित गर्न त्यसको रेखदेख, नियन्त्रण, मर्मत, सम्भार, विस्तार तथा संरक्षण गर्ने गराउने ।

३.२.२ विभिन्न पशु-पंक्षी तथा वन्यजन्तुहरूलाई सुरक्षित रूपमा सार्व-जनिक प्रदर्शन गर्नको लागि उपयुक्त व्यवस्था मिलाउन आवश्यक कार्य गर्ने गराउने ।

३.२.३ लोप हुन लागेका पशु-पंक्षी तथा वन्यजन्तुहरूको संरक्षण गर्न आवश्यक कार्य गर्ने गराउने ।

३.२.४ सदर चिडियाखानामा राखिएका पशु-पंक्षी तथा वन्यजन्तुहरूलाई स्वस्थ राख्न आवश्यक औषधि, अस्पताल, प्रयोगशाला आदिको व्यवस्था गर्ने गराउने ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

८६९

३.२.५ स-साना पशु-पंक्षी तथा जीवजन्तुलाई हुर्काउन तथा पालन-पोषण गर्न उपयुक्त नर्सरीको व्यवस्था गर्ने गराउने ।

३.२.६ विभिन्न पशु-पंक्षी तथा वन्यजन्तु सम्बन्धी खोज तथा अनुसन्धान गर्ने गराउने ।

३.२.७ सदर चिडियाखाना हेर्न आउने दर्शकहरूको जानकारीको लागि चाहिने आवश्यक पुस्तक, पत्र-पत्रिका प्रकाशन गर्ने तथा चलचित्र एवं स्लाइड शो सम्बन्धी आवश्यक व्यवस्था मिलाउने ।

३.२.८ श्री ५ को सरकारले दिएको निर्देशन अनुरूप कार्य गर्ने गराउने ।

३.२.९ सदर चिडियाखानाको रेखदेख, संरक्षण तथा विकासको लागि अन्य आवश्यक कार्यहरू गर्ने गराउने ।

४. उप-समिति गठन गर्न सक्नेः

४.१ समितिले आफ्नो कार्य सञ्चालनमा सघाउ पुऱ्याउन सदस्यहरूमध्येबाट आवश्यकतानुसार विभिन्न उप-समितिहरू गठन गर्न सक्नेछ ।

४.२ उप-समितिले गर्ने कार्य उप-समितिको बैठक तथा कार्यविधि समितिले निर्धारण गरेबमोजिम हुनेछ ।

५. समितिको बैठक र निर्णयः

५.१ समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

५.२ अध्यक्षको अतिरिक्त अन्य कुनै दुईजना सदस्य उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

५.३ समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षले निर्णयात्मक मत दिन सक्नेछ ।

५.४ समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा बैठकमा उपस्थित सदस्यहरूले आफूमध्येबाट छानेको सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

५.५ समितिको निर्णय समितिको सदस्य-सचिवद्वारा प्रमाणित गरिनेछ ।

५.६ समितिको बैठकमा अपनाइने अन्य कार्यविधि समिति आफैंले निर्धारण गरेबमोजिम हुनेछ ।

६. समितिको कोष र आर्थिक कारोबारः

६.१ समितिको कोषमा देहायका रकमहरू रहनेछन् र समितिको सबै खर्च सो कोषबाट व्यहोरिनेछः—



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
४८८०

६.१.१ प्रवेश शुल्कबाट प्राप्त रकम,

६.१.२ श्री ५ को सरकारबाट प्राप्त रकम,

६.१.३ श्री ५ को सरकारमार्फत कुनै अन्तर्राष्ट्रिय वा विदेशी संस्थाबाट प्राप्त रकम ।

६.१.४ समितिले अन्य कुनै स्रोतबाट प्राप्त गरेको रकम ।

६.२ समितिको कोषको सञ्चालन समितिले बनाएको नियमबमोजिम हुनेछ ।

७. लेखा र लेखापरीक्षण:

७.१ समितिको आय-व्ययको लेखा श्री ५ को सरकारले अपनाएको तरीका बमोजिम राखिनेछ ।

७.२ समितिको लेखापरीक्षण प्रचलित नेपाल कानूनबमोजिम हुनेछ ।

८. अधिकार प्रत्यायोजन: समितिले आवश्यकतानुसार आफ्ना सबै वा केही अधिकार उप-समिति, समितिको सदस्य-सचिव, वा समितिका कुनै कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

९. नियम बनाउने अधिकार: समितिले आफ्नो कार्य सञ्चालनको लागि आवश्यक नियमहरू श्री ५ को सरकारको स्वीकृति लिई बनाउन सक्नेछ ।

१०. श्री ५ को सरकारसंग सम्पर्क: समितिले श्री ५ को सरकारसंग सम्पर्क राख्दा वन तथा भू-संरक्षण मन्त्रालयमार्फत राख्नु पर्नेछ ।

११. समितिको कार्यालय: समितिको कार्यालय काठमाडौं उपत्यकामा रहनेछ ।

आज्ञाले,
वीरेन्द्रनाथ खुंजेली
श्री ५ को सरकारको सचिव

श्री ५ को सरकार

## अर्थ मन्त्रालयको सूचना

श्री ५ को सरकारले भन्सार ऐन, २०१९ को दफा ९ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी कच्चा ऊनको पैठारीमा लाग्ने भन्सार महसूल पूर्ण रूपमा छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशित गरिएको छ ।

आज्ञाले,
शशिनारायण शाह
श्री ५ को सरकारको का. मु. सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४६८